# हेलम्बु गाउँपालिका

## अस्थायी तथा राहत करार शिक्षक कर्मचारी अबकास कोष कार्यविधि २०७५

## परिच्छेद नं. १

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम अस्थायी तथा करार शिक्षक कर्मचारी अवकासकोष कार्यविधि २०७५ रहेको छ।

ख. यो कार्यविधि हेलम्बु गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा लागु हुनेछ।

ग. यो कार्यविधिमा विद्यालयमा रहेका अस्थायी/करार/राहत शिक्षक कर्मचारी, लेखापाल, कार्यालय सहयोगी, बाल शिक्षिका आवद्ध रहने छन।

घ यो कार्यविधि हेलम्बु गाउँपालिकाको बैठकले पास गरेको मितिदेखि लागु हनेछ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क. "ऐन" भन्नाले हेलम्बु गाउँपालिकाले तयार गरेको शिक्षा ऐन २०७५ सम्भनुपर्ने छ।

ख. "कोष" भन्नाले गाउँपालिकाले शिक्षा ऐन २०७५ को परिच्छेद १५ को ख मा व्यवस्था गरेको कोषलाई सम्भनु पर्दछ।

ग. "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा काम गर्ने अस्थायी शिक्षकलाई सवैलाई सम्भनुपर्दछ।

घ.. "समिति" भन्नाले परिच्छेद ४ मा उल्लेख ब्यक्ति भन्ने बुझनु पर्दछ।

ङ. "संयोजक" भन्नाले समितिको संयोजक सम्भनुपर्दछ।

च. "सदस्य" भन्नाले संचालक समितिका सदस्य सम्भनुपर्दछ।

## परिच्छेद २

**३. स्थापना गठन र ब्यवस्था**

कोषको स्थापना : यस कोषमा कार्यरत अस्थायी तथा करार शिक्षक कर्मचारीले मासिक रु. ५००/- र गाउँपालिकाले सोही बराबरको रकम यस कोषमा जम्मा गरी यस अबकासकोष स्थापना गरिनेछ । यस कोषको संचालन यस कार्यविधिले तोके बमोजिम हुनेछ ।

क. यो कार्यविधि बमोजिम राहत अस्थायी करार बालशिक्षिका लेखापाल  विद्यालय कर्मचारी र शिक्षक विद्यालय कर्मचारीको तबलबाट कट्टी गरिएको रकम त्यसमा गाउँपालिकाले थप जम्मा गरिएको सवै रकमहरु र रकमबाट व्याज र लाभको रुपमा उठेको सवै रकमहरु रहने छ ।

ख. कोषको सवै रकम गाउँपालिकाले तोकेको क वर्गको बैंकमा राखिनेछ ।

ग. कोषको संचालनमा आफ्नो एउटा छुट्टै छाप हुनेछ जुन कोष संचालन समितिले तोके बमोजिम हुनेछ ।

**४. कोषको प्रारम्भ :**

क. यो २०७५ साउन १ गते बाट लागु हुने गरी गाउँपालिकाको बैठकबाट पारित भएको मितिबाट लागु हुनेछ ।

ख. सम्पुर्ण कर्मचारी शिक्षकहरुको नाम सहित प्र.अ.ले मासिक वा चौमासिक कोषमा विद्यालयको तर्फवाट रकम कट्टा गरि कोषमा जम्मा सो भौचर गाउँपालिकाको सम्बन्धित फाटमा बुझाउनु पर्ने छ । कुनै शिक्षक, कर्मचारीले रकम नबुझाएमा सो को जानकारी प्र.अ.ले गाउँपालिकामा गराउनु पर्नेछ र गाउँपालिकाले सो शिक्षक, कर्मचारीले नबुझाएको रकम बराबरको रकम दिनु बाध्य हुनेछैन ।

## परिच्छेद ३

**५. अस्थायी तथा करार शिक्षक कर्मचारी अवकास कोषको संचालन समिति निम्नानुसार रहनेछ ।**

| | |
|---|---|
| • प्रमुख प्रशासकीय अधिकृत | संयोजक १ |
| • शिक्षक महासंघको अध्यक्ष | सदस्य १ |
| • संघ संगठनबाट (महासंघको प्रतिनिधि गरेको पार्टीभन्दा  बाहेक ) | सदस्य १ |
| • महिला शिक्षिका | सदस्य १ |
| • शिक्षा अधिकृत | सदस्य सचिब १ |

**६. खाता संचालन सम्वन्धि व्यवस्था :**

क. अवकास कोषको संचालन समितिको संयोजक, सदस्य सचिव र गाउँपालिका लेखापालको त्रिपक्षिय खाता संचालन गरिनेछ ।

ख. शिक्षक महासंघ र संघ संगठन प्रतिनिधि परिवर्तन हुदाँ स्वतः परिवर्तन हुने ।

**७. समितिको बैठक :**

क. संयोजकले तोकेको मिति स्थान र समयमा समितिको बैठक बस्नेछ ।

ख. समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

ग. बार्षिक रुपमा यस कोषको जानकारी तथा प्रतिवेदन सम्पुर्ण विद्यालयमा उपलब्ध गराइने छ ।

## परिच्छेद ४

**८. कोषको परिचालन सम्वन्धि ब्यवस्थाः**

क. कुनै अस्थायी करार बालशिक्षिका लेखापाल राहत र कर्मचारी नोकरीवाट अबकास लिएमा निजको बचत रकम मुनाफा समेत फिर्ता गरिनेछ ।

ख. कम्तीमा १ वर्ष सम्म लगातार कोषमा रकम बचत गर्ने ब्यक्तिलाई समितिको निर्णय बमोजिम निजको कोषमा जम्मा भएको रकमको ८० प्रतिशत ऋण लगानी सदस्यलाई गर्न सक्ने छ ।

ग. ऋण लगानी गर्दा बैंकको नियम अनुसार ब्याज र सेवा सुबिधा अनुसार रहनेछ ।

घ. ऋण लिदाको प्रयोजन खुल्ने गरि प्रमाणित गराई निजलाई ऋण उपलब्ध गराउन सक्ने छ ।

ङ. ऋण लिदा बहालवाला कर्मचारी शिक्षकलेमात्र ऋण प्राप्त गर्न सक्ने छ ।

च. ऋण लिदा एक चोटि चुक्ता गरेपछि मात्र पुनः पाउने ब्यवस्था रहनेछ ।

**९. फिर्ता पाउने ब्यवस्थाः**

क. सदस्यको खातामा जम्मा गरेको रकम सावाँ ब्याज समेत सम्पुर्ण रकम जुनसुकै कारणले सेवाबाट हटेपनि निजले तुरुन्तै एकमुष्ट रकम फिर्ता पाउनेछ ।

ख. सदस्यको मृत्यु भएमा निजले इच्छाएको ब्यक्तिले निजको पोष्टमा जम्मा रकम फिर्ता पाउनेछ ।

ग. इच्छाउने तरिका निजको श्रीमान श्रीमती छोरा छोरी वा विद्यालय ब्यवस्थापन समितिले र वडाले गरेको नाता प्रमाणित गरिएमा ।

घ. विना अवकास सम्पुर्ण रकम फिर्ता पाउन सक्ने छैन ।

ङ. कुनै सदस्यले २ वर्ष सम्म आफ्नो सेवा छुटेको र बचत जम्मा गर्न छोडी कोही हकदारी गर्न नआएमा पुनः कोषले सो रकम अपुताली सम्वन्धि प्रचलित कानुन बमोजिम हकवालाले पाउनेछ ।

**१०. सदस्यको खातामा जम्मा हुन आएको रकमको कुनै खालको कर लाग्ने छैन ।**

क. सदस्यको कोषमा जम्मा हुन आएको रकम सदस्यले रकम फिर्ता गर्न बाकि रहेमा निजको बाकी रकम कट्टी गरेपछि मात्र फिर्ता गरिनेछ ।

**११. कोषको अधिकार :** यस कोषमा जम्मा भएको रकम लगानी सम्बन्धि छुट्टै कार्यविधि बनाई देहाय बमोजिमको क्षेत्रमा लगानी गर्न सकिनेछ ।

क. नेपाल सरकार स्वदेशी संस्थाको ऋण पत्रमा लगानी गर्न ।

ख. प्रचलित कानुन बमोजिम बैंकहरुमा लगानि गर्न सक्नेछ ।

ग. गाउँपालिकाले तोकेको उद्योग धन्दा संगठित संस्थालाई ऋण दिन सक्नेछ ।

घ सरकारको मान्यता प्राप्त उर्जा उत्पादन र प्रसारण कृषि बिकास पर्यटन र ठुला पुर्वाधार निर्माणको क्षेत्रमा रकम भएमा लगानि गर्न सक्नेछ ।

## परिच्छेद ५

१२. व्यक्तिलाई ऋण वा संचयकोष फिर्ता लिन परेमा निम्नानुसार ढाचाँमा निवेदन दिनुपर्ने छ ।

श्रीमान् अध्यक्ष ज्यु

कार्यरत अस्थायी तथा करार शिक्षक कर्मचारी लेखापाल अवकासकोष

हेलम्बु गाउँपालिका

सिन्धुपाल्चोक

विषय : ऋण तथा (संचयकोष फिर्तापाउँ) भन्ने बारे ।

उपरोक्त सम्वन्धमा हेलम्बु गाउँपालिका वडा नं. ........... रहेको विद्यालय ................. मा मिति .........देखि ............सम्म काम गर्दै आएकोले मेरो संचयकोषमा जम्मा हुन आएको रकम कार्यविधिमा उल्लेख भए अनुसार( ऋण /संचयकोष) पाउनको लागि यो निवेदन पेश गर्दछु । झुट्टा ठहरिएमा कानुन बमाजिम सहुल बुझिलिउला ।

निवेदकको नाम र ठेगाना : ..................

संस्थाको नाम र ठेगाना : ...................

तहः............

सम्पर्क नं..................

१३. ऋण वा संचयकोष फिर्ताको लागि वि.ब्य.स. र प्र.अ.को सिफारिस सहित निवेदन पेश गर्नुपर्ने छ ।

१४. ऋण लिनको लागि ऋणको प्रयोजन खुल्ने आवश्यक कागजपत्र सहित निवेदन पेश गर्नुपर्ने छ ।